# ग्रेटर अस्टिन नेपाली सोसाईटी

## ग्यान्स छैठौं अधिवेशन - ३१ मे २०२६

## संचालक समितिको आर्थिक प्रतिवेदन

ग्यान्सको यस गरिमामय छैठौं अधिवेशनलाई अध्यक्षता गर्नु हुने अध्यक्ष ज्यू, निर्वाचन समिति, अतिथिज्यू तथा सम्पूर्ण उपस्थित आदरणीय सम्पूर्ण महानुभावहरु, हार्दिक नमस्कार । हाम्रो यस कार्यकालको आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमती चहन्छु ।

दुई वर्षको अवधिमा संस्थाले उल्लेखनीय आम्दानी र ठूलो स्तरका खर्चहरू व्यहोरेको देखिन्छ । केही अवधिमा राम्रो आम्दानी भए पनि, निर्माण, मोर्टगेज र अन्य ठूला परियोजनामा गरिएको लगानीका कारण कुल खर्च आम्दानीभन्दा बढी रह्यो । २०२५ को मध्यतिर आम्दानी अत्यन्तै उच्च थियो, तर २०२६ को अप्रिल-मेमा भएको ठूलो खर्चले अन्तिम बैंक सन्तुलन घटायो । अवधि समाप्त हुँदा बैंकमा १३,१४३.७६ डलर र नगद ७०२ डलर बाँकी रहेको छ ।

सबैभन्दा ठूलो खर्चहरू स्पष्ट रूपमा ठूला पूँजीगत परियोजना, मोर्टगेज, र सञ्चालन लागतसँग सम्बन्धित छन । मुख्य खर्चका बुँदाहरू यसरी देखिन्छ ।

- निर्माण तथा पूँजीगत खर्च – २०२६ अप्रिल-मे मा मात्र २.५ लाख डलरभन्दा बढी खर्च, जसले कुल घाटा बढायो ।
- मोर्टगेज भुक्तानी – नियमित किस्ता तथा ब्याज भुक्तानीले खर्चको ठूलो हिस्सा ओगट्यो ।
- कार्यक्रम तथा सञ्चालन खर्च – समुदायिक कार्यक्रम, सामग्री खरिद, र दैनिक सञ्चालनका लागि निरन्तर खर्च ।
- सेवा, मर्मत तथा अन्य आवती खर्च – मर्मत, सफाइ, आपूर्तिहरू, र आवश्यक सेवाहरूमा जाने रकम ।

यी खर्चहरू मिलेर २०२४-२०२६ को अवधिमा कुल खर्च ७०४,५१८ डलर पुगेको देखिन्छ । ग्यान्सको वेवसाईट यगचनबलकायचन मा हरेक ३ महिनामा आर्थिक रिपोर्ट प्रकाशित गर्दै आइएको हुँदा विस्तृत विवरण त्यहीबाट लिन हुन अनुरोध गर्दै तलको चार्टबाट त्यसको समरी प्रस्तुत गरेको छु । मेरो पारिवारिक भ्रमण धेरै पहिला नैं तय भैसकेको र त्यसलाई टाल्न नसकेर अधिवेशनमा आफैं प्रस्तुत गर्न असमर्थ रहेकोमा दुखका साथ माफी चाहन्छु ।

निरोज मानन्धर

आर्थिक प्रमुख, संचालक समिति

| Period | Revenue (USD) | Expense (USD) | Net (USD) | Beginning Bank | Ending Bank |
|---|---|---|---|---|---|
| May–Jul 2024 | 40,378.63 | 23,260.68 | +17,117.95 | 76,414.61 | 93,532.56 |
| Aug–Oct 2024 | 30,561.76 | 36,461.40 | −5,899.64 | 93,532.56 | 87,632.92 |
| Nov–Dec 2024 | 22,693.89 | 23,966.21 | −1,272.32 | 87,632.91 | 86,360.59 |
| Jan–Mar 2025 | 76,738.22 | 105,148.85 | −28,410.63 | 86,360.59 | 57,949.96 |
| Apr–Jun 2025 | 61,739.88 | 52,154.03 | +9,585.85 | 57,949.96 | 67,535.81 |
| Jul–Sep 2025 | 232,636.08 | 86,253.34 | +146,382.74 | 67,535.81 | 213,918.55 |
| Oct–Dec 2025 | 49,634.24 | 61,596.19 | −11,961.95 | 213,918.55 | 201,956.60 |
| Jan–Mar 2026 | 75,864.94 | 63,028.10 | +12,836.84 | 201,956.60 | 214,793.41 |
| Apr–May 2026 | 50,948.53 | 252,598.18 | −201,649.65 | 214,793.41 | 13,143.76 |
| **ENDING CASH IN HAND** | | | | | 702 |